annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक १२ पृष्ठ ८ | काठमाडौं, आइतबार ३० वैशाख २०८१ | वैशाख शुक्लपक्ष पञ्चमी, नेपाल संवत् ११४४ | SUNDAY, MAY 12, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# आगो र बाटोको चपेटामा पानीका मुहान

**देशभर खानेपानीको समस्या दिन प्रतिदिन बढ्दै छ । मुहानहरू सुक्दै गए । डोजर लगाएर जथाभावी खनिएका सडकहरूले समेत पानीका मुहानहरू विलिन भएका छन् । बर्सेनि जंगलमा लाग्ने आगलागीले समेत पाइपलाइन र मुहानहरू अझ चपेटामा परेका छन् । वातावरणविद्का अनुसार वनजंगलमा लागेको आगोको असर खानेपानीमा तत्कालै देखिँदैन । तर, बर्सेनि त्यसले विकराल समस्या निम्त्याउने गर्छ ।**

केशरराज क्षेत्री | *बुटवल*

– को रिपोर्ट

समाचार पृष्ठ २

झिमरुक गाउँपालिका १ सौतामारे प्यूठानका थापाटोल र सुनारटोलका स्थानीय कुवाको पानी भर्दै । ● केशरराज क्षेत्री

## भिटामिनको नाममा आर्थिक शोषण



प्राडा ढुण्डिराज पौडेल

इजलास

स्वस्थ्य रहनु जीवनका हरेक आयामहरूको निम्ति अपरिहार्य हुन्छ। त्यसका लागि उपयुक्त पोषण चाहिन्छ । दैनन्दिनी शारीरिक कार्य सम्पादन एवं ऊर्जाको निम्ति आवश्यक पर्ने ग्लुकोजको स्रोत कार्बोहाइड्रेट हो। मांसपेशीको विकास, आन्तरिक क्रियाहरू सम्पादन हुन आवश्यक विभिन्न रसायन, हर्मोन, रोगविरुद्ध लड्ने क्षमताको विकास आदिका लागि प्रोटिन चाहिन्छ। सबै खाले आन्तरिक क्रियाकलापहरूको निम्ति आवश्यक पर्ने भिटामिन एवं लवणहरू पनि उत्तिकै महत्वका हुन्छन्। यी पदार्थहरूको अभावमा विभिन्न खाले रोगहरू सिर्जना हुन्छन्।

कुनै खास प्रकारको भिटामिनको अभावका कारण रोग लागेको छ या त्यसको उपचार सीधै नशा या मुखबाट मात्रै सम्भव छ भने सुई, चक्की या झोलको रूपमा भिटामिनहरू प्रेसक्राइव गरिन्छ। अझै ठोकुवा गरेर भन्नुपर्दा ९९ प्रतिशत केसहरूमा भिटामिनको आवश्यकता नै पर्दैन।

अत्यन्तै थोरैमात्रामा भिटामिन आवश्यक पर्ने भएकाले माइक्रोन्युट्रिएन्टको संज्ञा दिने गरिन्छ। भिटामिनहरू दुई प्रकारका हुन्छन्। दैनिक रूपमा आवश्यक नपर्ने भिटामिनको अंश पिसावको माध्यमबाट बगेर जान्छ। पानीमा घुलनशील भिटामिनहरू जस्तो बी, सी (भिटामिन बी १२ बाहेक जुन दूध, मासु, अण्डाहरूमा पाइन्छ)हरू फलफूल सागसब्जीमा पाइन्छन्।

» बाँकी पृष्ठ ६

# गाईको सम्पत्तिमा राजनीतिकर्मीको रजाइँ



**जनप्रतिनिधिले विभिन्न समयमा प्रयोगमा ल्याएका जग्गा विवरणको रेकर्ड**

| प्रयोगमा ल्याएको सार्वजनिक निकाय | क्षेत्रफल | निर्णय वा सिफारिस गर्ने जनप्रतिनिधि वा सरोकारवाला निकाय |
|---|---|---|
| बिर्ता फुटबल मैदान, गौशाला ४ | ३ बिघा | तत्कालीन ७ दलीय कार्यकर्ता |
| फुटबल मैदान नवराजपुर, गौशाला ३ | ३ बिघा १५ कट्ठा | वडा नं. ३ को कार्यालय |
| पचायन मन्दिर तथा पिकनिक स्पट निर्माण | ४ बिघा | गौशाला नगरपालिकाको कार्यालय |
| वडा नं. ३ को वडा कार्यालय | ३ कट्ठा | गौशाला नगरपालिकाको कार्यालय |
| कार्यालय आसपासको बस्ती | ३ बिघा | स्थानीय राजनीतिक दलका कार्यकर्ताको संरक्षणमा स्थानीयवासी |
| नवराजपुर धर्मशाला | ५ कट्ठा | वडा कार्यालय तथा स्थानीय राजनीतिक दलका कार्यकर्ता |
| गौशाला पशु हाटबजार | २ बिघा १७ कट्ठा | तत्कालीन ८ दलीय राजनीतिक दलको सहमतिमा गौशाला गाविसको कार्यालय |
| कृषि परियोजनाको भवन | ८ बिघा | गौशाला नगरपालिकाको कार्यालय |

*स्रोत: निगौल गाई गौशालाको कार्यालय गौशाला (महोत्तरी)*

**धनवीर महतो** | *गौशाला (महोत्तरी)*


मुलुकमै सबैभन्दा पुरानो गाई गोठको रूपले चिनिने निगौल गाई गौशाला अहिले राजनीतिक चपेटामा परेको छ। जसका कारण यी संस्था पछिल्लो समयमा आएर धरासायी बनेको छ। राजनीतिकर्मीले प्रत्यक्षरूपमा हावी भएकै कारण संस्थाको अधीनमा रहेको जग्गाहरू क्रमिक रूपमा अतिक्रमित भएको छ।

विभिन्न समयमा गरी यस संस्थाको मातहतमा रहेको २४ बिघा जग्गा अतिक्रमितको चपेटामा परेको कार्यालय स्रोतले जनाएको छ। आफूलाई समाजसेवी कहलाउने यस्ता नेता कार्यकर्ताहरूले संरक्षणको पूर्णग्यारेन्टी लिएकै कारण यस संस्थाको जग्गा अतिक्रमित भएको निमित कार्यालय प्रमुख वीरबहादुर चौधरीले बताए। उनले भने, भोट बैंक स्थापित गर्न यहाँका जग्गा उनीहरूले प्रयोग गर्दै आएका छन्। चुनावको समयमा जनतासमक्ष गरिएको वाचा पूरा गर्नका लागि यस संस्थाको जग्गालाई अवैधानिक तवरले विभिन्न सार्वजनिक संरचनाको नाम दिई अतिक्रमण गरिएको छ।

उल्लिखित जग्गाहरूमा सामाजिक संरचनाको निर्माण भए तापनि सो जग्गा उपभोगका लागि यस कार्यालयसँग कुनै किसिमको सहमतिको रेकर्ड नरहेको चौधरीले बताए। उनले भने, ती जग्गाहरूमा निर्मित संरचनाले स्थानीयलाई प्रत्यक्ष रूपमा फाइदा पुगेकै हो। तर, यसमा कानुनी प्रक्रिया भने पुगेको छैन।

» बाँकी पृष्ठ ६

# २५ करोड सोचेका थिए, ४१ करोड सहयोग गरे !



**भाटभटेनी सुपरमार्केटका अध्यक्ष मीनबहादुर गुरुङ र डा. भगवान कोइराला ।** ● अन्नपूर्ण

**काठमाडौं** (अन्नपूर्ण) : भाटभटेनी सुपरमार्केटका अध्यक्ष तथा प्रबन्ध निर्देशक मीनबहादुर गुरुङ शुक्रबार हेपाली हाइट पुगे। उनले वरिष्ठ मुटुशल्य चिकित्सक डा. भगवान कोइरालाको अगुवाइमा निर्माणाधीन बाल अस्पतालको अवलोकन गरे। डा. कोइरालाबाट विस्तृत जानकारी लिएपछि गुरुङले ४१ करोड रुपैयाँ सहयोगको घोषणा गरे।

डा. कोइराला काठमाडौंमा बहुविशेषज्ञ सेवासहितको स्तरीय बाल अस्पताल र बाँकी ६ प्रदेशमा एक/एकवटा जनरल बाल अस्पताल बनाउने अभियानमा छन्। डा. कोइरालाको होस्टेमा हैंसे गर्दै गुरुङले सहयोग गरेका हुन्। 'पार्टनरलाई २५ करोडसम्म सहयोग गर्न सक्छु भनेको थिएँ, तर यहाँ आइसकेपछि मैले ४१ करोड सहयोग गर्ने घोषणा गरेँ,' गुरुङले खुसी व्यक्त गर्दै भने, 'राम्रो काम गर्नेलाई सहयोग गर्नुपर्छ भन्ने लाग्यो।'

काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) नामक गैरनाफामूलक संस्थाअन्तर्गत काठमाडौं र बाँकी ६ प्रदेशमा बाल अस्पताल निर्माण अभियान अघि बढेको छ। सोही अभियानमा सहयोग पुर्‍याउन सहयोग गरेको गुरुङले बताए। काठमाडौंको बूढानीलकण्ठ-७ गोल्फुटारस्थित हेपाली हाइटमा सरकारले ४२ रोपनी जग्गा लिजमा प्राप्त भएको हो। कोशी प्रदेशको झापामा एक वर्षअघि नै निर्माण सम्पन्न भएको बाल अस्पतालबाट सेवा प्रवाह सुरु भइसकेको छ।

डा. कोइरालाले अब काठमाडौंसहित बाँकी प्रदेशमा बाल अस्पताल निर्माण हुने जानकारी दिए। गैरनाफामूलक क्षेत्रबाट हुने बाल अस्पताल निर्माणले डेढ करोडभन्दा बढी बालबालिकाको स्वास्थ्यमा सहयोग पुग्ने किओचले जनाएको छ।

भाटभटेनी सुपरमार्केटका अध्यक्ष गुरुङले स्वास्थ्य क्षेत्रमा गरेको सहयोग यो पहिलो होइन। यसअघि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा दुइटा भवन निर्माण गरेका थिए। ०६८ सालमा बुबा वृषबहादुर र आमा धनमाया गुरुङको नाममा इमर्जेन्सी भवन बनाइदिएका थिए। उक्त भवन ११ करोड रुपैयाँमा निर्माण भएको थियो। भूकम्पपछि सोही स्थानमा उनले अर्को भवन बनाए। जुन १५ करोड लागतमा निर्माण भएको थियो।

HAIL THE POLLUTION FIGHTERS !
08 JUNE | 8AM SAT
BHRIKUTIMANDAP
INQUIRES : 9841636689, 9851041739